राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ३५० | २०८२ भाद्र १६ गते सोमवार | (Monday, 1 Sep, 2025) | पृष्ठ ४ | मुल्य रु. ५

# मोबाइल चोरी आरोपले लिए दलित युवकको ज्यान

## चारजनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता

**शैलेन्द्र महतो**
**जनकपुरधाम, भाद्र १५ गते ।**
मोबाइल चोरीको आरोपमा कुटपिट गरिएका रौतहटका एक दलित युवाको मृत्यु भएको छ। वीरगञ्जस्थित स्पोर्ट अस्पताल भर्ना भएका रौतहट कटहरिया नगरपालिका-४ बहादुरपुरका २८ वर्षीय नसिव बैठाको ११ भदौमा मृत्यु भएको हो ।

मृतकका भाइ दर्शन बैठाका अनुसार घटना १६ र १७ साउनको हो । १६ साउनमा कटहरिया बजारको एक खाजा पसलमा स्थानीय ३२ वर्षीय गर्भुदयाल सर्भङ्गले आफ्नो मोबाइल चोरी भएको आरोप लगाएर अन्य केही युवाको सहयोगमा नसिवमाथि कुटपिट गरेका थिए ।

त्यसको भोलिपल्ट १७ साउनमा पनि गाउँकै सञ्जय यादव र उनका भाइ विजय यादवले आफ्नो मोबाइल चोरी गरेको आशंकामा नसिवलाई गाउँभन्दा पर आँपको बगैंचामा लगेर निर्घात कुटपिट गरे ।

'रुखमा उल्टो झुन्ड्याएर बेल्ट, साइकलको चैन, मुक्काले कुटपिट गरी मोबाइल चोरी गरेको स्वीकार्न लगाए । कुटपिटमा सञ्जय, विजय र उनका बुबा शिवनाथ यादवसमेतले निर्घात कुटपिट गरेका थिए,' भाइ दर्शनको दाबी छ ।

त्यसरी कुटपिट गरिरहेको देखेपछि स्थानीय दीपलाल भन्नेले कटहरिया प्रहरी चौकीमा फोन गरे । प्रहरी आएर नसिवलाई उद्धार गरी लग्यो । प्रहरी चौकीमा छलफल भयो । तर नसिवले मोबाइल चोरी गरेको पुष्टि भएन ।

त्यही दिन साँझ नसिवलाई प्रहरीले छोडिदियो । 'कुटपिट भइरहेको भनेर प्रहरीमा खबर आएको थियो । प्रहरी पुग्दा त्यहाँ नसिवलाई बाँधिएको अवस्था भने थिएन,' इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीले भने, 'मोबाइल चोरीको निवेदन परेको थियो । छलफल हुँदा चोरेको पुष्टि भएन । नसिवलाई पठाइदियौं ।'

मृतकका भाइ दर्शन बैठाका अनुसार सञ्जयको मोबाइल घरमै फेला परेको थियो । त्यसको



भोलिपल्टबाट कुटपिटको कारणले नसिवलाई पेट र छाती दुख्न थालेको दर्शनको दाबी छ ।

चार दिनपछि नसिवका बुबा बाबुलाल बैठाको मृत्यु भयो । कुटपिटको असरले शरीरमा दुखाइ बढ्दै थियो ।

बुबाको काजकिरिया सकेपछि नसिवलाई उपचारको लागि भदौ पहिलो साता कटहरियाको जीवन ज्योति अस्पताल लगियो । त्यहाँबाट कटहरिया हस्पिटल लगियो । त्यहाँबाट गौर अस्पताल पठाइयो ।

गौर अस्पतालमा छातीमा इन्फेक्सन भएर पिप जमेको भन्दै थप उपचारका लागि वीरगञ्ज रेफर गरियो । नारायणी अस्पतालमा आईसीयू बेड खाली नभएपछि वीरगञ्जकै स्पोर्ट हस्पिटलमा उपचारको लागि भर्ना गरियो ।

उपचारको क्रममा ११ भदौ बुधबार बिहान ३ बजे नसिवको मृत्यु भएको भाइ दर्शनले बताए । त्यही दिन नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टमपश्चात् घर ल्याएर नसिवको अन्त्येष्टि गरिएको थियो । नसिवका ७ वर्षीय जेठा छोरा विशाल किरिया बसेका छन् ।

'त्यतिबेला त नसिवको अवस्था समान्य जस्तो थियो । केही दिनपछि बिरामी परे । पछि हस्पिटल लगेपछि उपचारको क्रममा मृत्यु भएको खबर आयो,' डीएसपी कार्कीले भने ।

नसिवको मृत्युपश्चात् उनको परिवारले चारजनाविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएको छ । जाहेरीको आधारमा चारजनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको डीएसपी राजन कार्कीले बताए । जसमध्ये ३२ वर्षीय गर्भुदयाललाई पक्राउ गरी कारबाही अघि बढाइएको र अन्य तीनजनाको खोजी भइरहेको उनले बताए ।

भाइ दर्शनका अनुसार नसिवको घरको आर्थिक अवस्था नाजुक छ । उनका चारजना स-साना छोरा छन् । बुबाआमाको वृद्धभत्ता र जनमजदुरी गरी घरपरिवार चलेको थियो ।

श्रीमती गीताले श्रीमान्को हत्या कुटपिटबाट भएको दाबी गर्दै हत्यारामाथि कडा कारबाही हुनुपर्ने र आफूले क्षतिपूर्ति पाउनुपर्ने माग गरिन् । 'दलित र गरिब भएकै कारण मेरो श्रीमानमाथि झुटो आरोप लगाएर कुटपिट गरी हत्या भयो । दोषीमाथि कडा कारबाही हुनुपर्यो,' गीताले भनिन् ।

# भूमि विधेयक विरुद्ध जलेश्वरमा प्रदर्शन




## चुरे र जंगल मासेर मधेशलाई मरुभूमि बनाउने व्यवस्था भएको भन्दै विधेयक फिर्ताको माग

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १५ गते ।**
भूमि विधेयक फिर्ताको माग गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले महोत्तरी सदरमुकाम जलेश्वरमा प्रदर्शन गरेको छ । चुरे र जंगल मासेर मधेशलाई मरुभूमि बनाउने व्यवस्था भएको विधेयक फिर्ताको माग गर्दै जसपाका नेता कार्यकर्ताहरुले सरकारविरुद्ध आइतबार प्रर्दशन गरेका हुन् ।

जलेश्वरको खैरा चोकस्थित जसपा नेपालको पार्टी कार्यालयबाट सुरु भएको र्‍याली नगरपालिका चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै जसपा नेपालका महासचिव रामकुमार शर्माले ओली नेतृत्वको सरकार अलोकतान्त्रिक रहेको र भूमि विधेयक ल्याएर सरकारले मधेशलाई मरुभूमिकरण गर्न खोजेको आरोप लगाए । 'संविधान संशोधन, सुशासन कायम, बेरोजगारी समस्या समाधान गर्ने प्रतिबद्धता गरी बनेको एमाले-कांग्रेस गठबन्धनको सरकारले प्रतिबद्धताबाट पछाडि हटेर मधेशविरोधी विधेयक ल्याएर मधेशको अस्तित्व समाप्त गर्न लागीपरेको छ,' महासचिव शर्माले भने, 'केपी शर्मा ओली नेतृत्वको सरकारले ल्याएको भूमिसम्बन्धी विधेयकले चुरे र वन फँडानी गरी भूमाफियालाई जिम्मा लगाउने तयारी गरेको छ।'

पर्यावरण विरोधि विधेयक ल्याएर सरकारले मधेश र मधेसीको अस्तित्व समाप्त पार्न खोजेको समेत उनको आरोप छ ।

यस्तै जसपा नेपालकी कोषाध्यक्ष एवं प्रदेश सांसद सुरिता साहले मधेशविरोधी सरकारले संघीयता समाप्त गरी मधेसीलाई अल्पमतमा पार्न भूमिसम्बन्धी विधेयक ल्याएको आरोप लगाए ।

जसपाका नेताहरु सुरेन्द्र यादव, हरिनारायण यादवलगायतले भूमि विधेयक मधेश र मधेशीको भवनाविपरीत रहेकोले स्वीकार्न नसकिने बताए । नेताहरुले विधेयकमा समर्थन नगरेकै कारण जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई गौर घटनामा षड्यन्त्रपूर्वक फसाउन सरकार लागीपरेको समेत आरोप लगाएका छन् ।

### जनकपुरमा दुई समुदाय र प्रहरीबीच झडप

# ३० राउन्ड हवाई फायर, ३१ सेल अश्रुग्यास प्रहार

**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, भाद्र १५ गते ।**
जनकपुरमा दुई समुदाय र प्रहरीबीच भएको झडपमा प्रहरीले ३० राउन्ड हवाई फायर र ३१ सेल अश्रुग्यास प्रहार गरेको खुलेको छ । जनकपुरधाम उपमहानगरपालिका-२० देवपुरा रूपैठामा झण्डा हटाउने विषयमा आइतबार प्रहरी र हिन्दू समुदायबीच झडप भएको थियो ।

स्थिति नियन्त्रणमा लिन प्रहरीले ३० राउन्ड फायर गरेको धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले जानकारी दिए ।

उनका अनुसार १४ डमी गोली, ११ राउन्ड गोली पेस्तोलबाट हवाई फायर गरिएको हो । ३१ सेल अश्रुग्यास प्रहार भएको उनले बताए । प्रहरीको गोली लागेर स्थानीय २९ वर्षीय लक्ष्मण मुखिया घाइते भएका छन् । उनको दुवै घुँडामा गोली लागेको हो । यस्तै ढुंगामुढाबाट सातजना प्रहरी घाइते भएका छन् । घाइतेहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको छ ।

शनिबार पनि हिन्दू समुदायले गणेश पूजाको मूर्ति विसर्जन गर्न लैजाने बेला झण्डा चोकमा झडप भएको थियो । प्रहरीका अनुसार झन्डाचोकमा गाडिएको टावरलाइट पोलमा बाँधिएको दुईवटा हरियो झण्डा हटाउने विषयमा विवाद भएको थियो । त्यसले झडपको रुप लिएको थियो ।

**बजारबाट सामग्री खरिद गर्दा ध्यान दिनुपर्ने कुरा**

**क्रेता वा सामाग्री खरिदकर्ताले :**

- **विल वा रसिदको विवरण ठीक छ कि छैन जाँच गरौं,**
- **सामानको नाम, मात्रा, मूल्य, मूल्य अभिवृद्धि कर (VAT), लगायत विवरण हेर्ने गरौं,**
- **विलमा मिति, विजक नम्बर र किनमेल गरिएको स्थान सही छ वा छैन जाँच गरौं,**
- **प्राप्त विल वा रसिदलाई सुरक्षित राखौं,**
- **विलमा व्यवसायको नाम, ठेगाना, फोन नम्बर र PAN नम्बर उल्लेखित भए/नभएको हेरौं**
- **कुनै पनि वस्तु तथा सेवा खरिद गरेपछि विल/बिजक माग्ने गरौं,**

**बिक्रेताले :**

- **ग्राहकलाई सामाग्री खरिद गरेको बिल अनिवार्य रुपमा दिऔं,**
- **विल बमोजिमको सामान उपलब्ध गराऔं,**

**सामान खरिद बिक्री गर्दा विल अनिवार्य लिने/दिने गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# गुणस्तरीय शिक्षा र शिक्षा प्रयोगको अवसर जरुरी

देशमा पर्याप्त शैक्षिक संस्था हुँदाहुँदै पनि शिक्षाका लागि विदेसिने विद्यार्थीहरुको संख्या बढ्दै जानुले अनेकन प्रश्न उब्जिएका छन् । तिनमा विदेसिनुका कारण जान्ने अभिप्राय खास देखिन्छ । देशमा गुणस्तरीय शिक्षा नहुनु , पढ्दै कमाउँदै कार्यक्रमको अभाव, रोजगारीको प्रत्याभूति नहुनु, शिक्षा अनुसारको काम नपाउनुजस्ता कारणले नै विद्यार्थीहरुको विदेश पढ्न जाने मानसिकता बनेको छ र त्यसलाई उनका अभिभावकले पनि सघाउ पुऱ्याइरहेका छन् । अभिभावकले केटाकेटीलाई उनको उज्जवल भविष्य र आर्थिक उपार्जन सुनिश्चित हुने आशामा ऋृण काढेरै भए पनि विदेश पढ्न पठाउँछन् । देशमा पढाइ अनुसार कामको अवसर नदेखेपछि स्वदेश फर्किनुभन्दा केटाकेटीहरु विदेशै बस्न बाध्य हुन्छन् । यसरी विदेशमा लिएको शिक्षा देशको सेवामा प्रयोग गर्न पाउँदैनन् । फलस्वरुप देशमा सक्षम जनशक्तिको अभाव हुन्छ र विकासको गति सुस्त हुन्छ ।

विकसित देशहरुका विद्यार्थी पनि विभिन्न विषयमा गुणस्तरीय शिक्षाका लागि विदेश पढ्न जान्छन् । र, स्वदेश फर्केर देशविकासको काममा योगदान दिन्छन् । देशलाई विकासको थप उँचाइमा पुऱ्याउँछन् । किनभने त्यहाँ विद्यार्थीहरुलाई हासिल शिक्षा र सीप प्रयोग गर्ने अवसर उपलब्ध हुन्छन् । मुलुक विकासको चाहना पूरा गर्ने हो भने हामीले पनि हाम्रा विद्यार्थीलाई त्यस्तो अवसर उपलब्ध गराउन सक्नुपर्छ । हामीकहाँ आफन्त, भाइभतिजावाद, चाकडी, चुक्ली र चाप्लुसी संस्कृतिकै रुप लिइसकेको छ । यो नै पनि विद्यार्थीहरु पढ्न विदेश जानु र उतै बस्नुको एउटा कारण हो । हामीकहाँ विश्वविद्यालय संख्या डेढ दर्जनभन्दा माथि पुऱ्याइसके पनि तिनलाई गुणस्तरीय बनाउन सकेका छैनौ । कमजोर शिक्षणप्रति विश्व प्रतिर्स्धामा खरो उत्रिन चाहने विद्यार्थी र तिनका अभिभावकको रुचि हुँदैन ।


सर्वविदितै छ, विश्वविद्यालयलाई प्रतिस्पर्धी बनाउन यहाँको राजनीतिक वातावरणले सहयोग गरेको छैन । शिक्षाको गुणस्तर वृद्धि गर्न, यहाँ विद्यार्थीको आवश्यकता पहिचान गरी तदनुकूलको पाठ्यक्रम लागु गर्न र शिक्षालाई अनुसन्धानसँग जोड्न सकेको छैन । शिक्षा नै देश विकासको आधार भएकोले गुणस्तरीय शिक्षाको विकास र प्राप्त शिक्षाको प्रयोग गर्न चाहिने अवसर उपलब्ध गराउने वातावरण बनाउनु जरुरी छ । त्यसका लागि राजनीतिक दल, नेता र हाम्रा तीनै तहका सरकार इमानदारीले काम गर्नुपर्छ । गुणस्तरीय शिक्षा र शिक्षा प्रयोगको अवसर उपलब्ध गराउन कुनै कसर बाँकी राख्नुहुँदैन ।

## राशिफल

मेष – काममा अवरोध पुर्याउन सक्छन् ।
वृष – अरूको मन जित्न सकिनेछ ।
मिथुन – व्यवसायमा राम्रै फड्को मार्न सकिनेछ ।
कर्कट – प्रतिपक्षीहरू समेत सहयोगी बन्नेछन् ।
सिंह – जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।
कन्या – नयाँ काम प्रारम्भ हुनेछ ।
तुला – व्यापारमा प्रशस्त फाइदा हुनेछ ।
वृश्चिक – परिस्थितिलाई बदल्न सक्छ ।
धनु – लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ ।
मकर – दैनिकी व्यस्त भइरहने देखिन्छ ।
कुम्भ – खोजीमा केही दौडधुप गर्नुपर्ला ।
मिन – काममा उल्लेख्य फाइदा हुनेछ ।

### चिनियाँ राष्ट्रपतिसामु ओलीको अडान

# राष्ट्रिय स्वाधीनताको पक्षमा अन्तर्राष्ट्रिय मञ्चबाट ओलीको अर्को 'बोल्ड' कदम



काठमाडौं, भदौ १५ गते ।
भारत र चीनबीच लिपुलेक पासमार्फत सीमा व्यापार शुरू गर्ने भनेर गरिएको सहमतिको आलोकमा चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटमा प्रधानमन्त्री केपी शर्मा ओलीले राखेको अडान अहिले नेपालबाहिर पनि चर्चाको विषय बनेको छ ।

साङ्घाई सहयोग संगठन (एससीओ) को सम्मेलनका क्रममा चीन भ्रमणमा रहेका प्रधानमन्त्री ओलीले शनिबार (भदौ १४ गते) राष्ट्रपति सीसँग भेटवार्ता गरेका थिए, जहाँ भारत र चीनबीच भएको पछिल्लो सहमतिबारे नेपालको प्रस्ट असहमति राखे ।

ओलीले चिनियाँ राष्ट्रपतिसँग कुरा राखेको विषय भारतीय मिडियाले महत्वका साथ उठाइरहेका छन् ।

नेपाली भूमि लिपुलेक भएर सीमा व्यापार सुचारु गर्ने गरी चीन र भारतले गरेको सहमतिमा नेपालले यसअघि नै असन्तुष्टि जनाएको थियो । सीसँगको भेटमा ओलीले सम्झौताप्रति तीव्र असन्तुष्टि जनाए ।

चिनियाँ विदेशमन्त्री वाङ यीको भ्रमणका क्रममा भारत र चीनबीच अगस्ट १९ मा लिपुलेकमार्फत सीमा व्यापार पुनः सुचारु गर्ने सहमति भएको थियो ।

काठमाडौं महानगरका मेयर बालेन शाहदेखि अन्य कयौंले लिपुलेकबारे ओलीले कुरा उठाउँछन्/उठाउँदैनन् भनेर प्रश्न गरेका थिए । प्रधानमन्त्री ओलीले लिपुलेकबारे सीसँग कुरा राखेको विषय परराष्ट्र मन्त्रालयको लिखित वक्तव्यमै आएपछि कुरा प्रस्ट भयो ।

लिपुलेक विवादबारे ओलीले सीसँग राखेको असहमति चीनतर्फको वक्तव्यमा नआएको भनेर एकाथरिले प्रश्न उठाइरहेका छन् । तेस्रो मुलुकसँग जोडिएको विषयमा नेपालले राखेको सरोकारबारे चिनियाँ विज्ञप्तिमा त्यस्ता विषय समेटिँदैनन् । तर, नेपालको विज्ञप्तिमा प्रस्ट लेखिएको छ, जुन अभिलेखमा रहने दस्तावेज हो ।

हीनताबोधका कारण नेपालका सरकार प्रमुखले दुई छिमेकीसँग आफ्नो अडान खुलस्त राख्न नसकेका कयौं उदाहरण छन् ।

सत्तामा टिकिराख्नका लागि छिमेकी चिढ्याउन नहुने भन्ने सनातनी भाष्यका कारण नेपालले आफ्नो स्वार्थ र हितको कुरा समेत राख्न दकस मान्ने गरेको छ ।

राष्ट्र हित र मुलुकको पक्षमा आफ्ना कुरा खुलस्त राख्ने समकालीन नेतृत्व पंक्तिमा ओली अपवाद नेता हुन् । विगतमा तत्कालीन राजा महेन्द्र र प्रधानमन्त्री बीपी कोइरालाले यसैगरी अडान राख्ने गरेका इतिहास छन् ।

सोही कारण अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको उपस्थिति बलियो थियो । नेतृत्वका कूटनीतिक परिपक्वता र सुझबुझका कारण त्यो जमानामा पनि नेपाल अन्तर्राष्ट्रिय जगतको नजरमा थियो नेपाल ।

भूगोलमा सानो-ठूलो भएपनि स्वाभिमान र स्वाधीनता समान हुन्छ भनेर ओलीले पछिल्लो कालखण्डमा निरन्तर अडान लिँदै आएका छन् । २०७२ सालमा

**राष्ट्र हित र मुलुकको पक्षमा आफ्ना कुरा खुलस्त राख्ने समकालीन नेतृत्व पंक्तिमा ओली अपवाद नेता हुन् । विगतमा तत्कालीन राजा महेन्द्र र प्रधानमन्त्री बीपी कोइरालाले यसैगरी अडान राख्ने गरेका इतिहास छन् ।**

पहिलोपटक प्रधानमन्त्री बनेको समयदेखि नै ओलीले त्यो अडानमा आफूलाई अडिग राख्दै आएका छन् ।

लिपुलेक-लिम्पियाधुरा र कालापानी क्षेत्रको भूभाग नेपाली भूमि रहेको भन्दै त्यसलाई नेपाली नक्सामा समेट्ने काम ओली प्रधानमन्त्री रहेको समयमा भएको थियो ।

२०७७ जेठ ३१ गते ओली प्रधानमन्त्री रहेकै बेला नेपालको संसद्ले लिपुलेकलाई नेपालको संविधानको अनुसूचीमा समावेश गरेको थियो ।

**बेइजिङ, काठमाडौंदेखि तियानजिङसम्म**

सन् २०१६ देखि २०२५ सम्म प्रधानमन्त्री ओलीले सीसँग पटक-पटक भेटवार्ता गरेका छन् । सन् २०१६ को मार्च महिनामा नेपालको प्रधानमन्त्रीका रूपमा पहिलोपटक चीन भ्रमणमा गएका बेला ओलीले पारवहन तथा यातायात सम्झौता गरेका थिए ।

सोही बेला नेपालमा पेट्रोलियम पदार्थको सम्भाव्यता अध्ययनसम्बन्धी समझदारी भएको थियो । चीनसँग भएको सोही समझदारी अनुसार दैलेखमा पेट्रोलियम अन्वेषण भएर ठूलो परिमाणमा मिथेन ग्यास पत्ता लागेको छ ।

प्रधानमन्त्री ओलीले विस्तृत प्रतिवेदन आएको एक वर्ष भित्रमा व्यावसायिक उत्पादन शुरू गरिने बताएका छन् ।

प्रधानमन्त्रीको रूपमा ओलीले संवत् २०७५ को असारमा चीनको भ्रमण गरेका थिए, त्यो बेला केरुङ-काठमाडौं रेल्वेसम्बन्धी सम्भाव्यता अध्ययन गर्ने सहमति भएको थियो । त्यो बेला ५१ बुँदे संयुक्त वक्तव्य जारी भएको थियो । २०७६ को असोज २५-२६ मा चिनियाँ राष्ट्रपति सीले नेपालको भ्रमण गरे, जतिबेला ओली नै प्रधानमन्त्री थिए । लामो अन्तरालपछि चिनियाँ राष्ट्र प्रमुखबाट नेपालको भ्रमण सम्भव भएको थियो ।

अहिले तियानजिङमा पुगेर ओलीले लिपुलेकबारे चीन र भारतबीच भएको सहमतिप्रति विमति जनाए । एक पूर्वराजदूतका अनुसार फोरम अर्कै भए पनि ओली भ्रमणको मुख्य 'एजेन्डा' नै लिपुलेक बन्न पुग्यो ।

चिनियाँ राष्ट्रपतिसँग प्रस्ट कुरा राखेको भनेर स्वदेशमा प्रशंसा भइरहेको छ । 'जननी जन्मभूमिश्च स्वर्गादपी गरियसी' लेखेर नेपालको नक्सा र झण्डासहितका फोटोले सामाजिक सञ्जाल रंगिएका छन् ।

**राष्ट्रको अपेक्षा अनुसारको कदम**

परराष्ट्र मामिलाका जानकार र विगतमा आफ्नो भूमिका निर्वाह गरेका कूटनीतिज्ञहरूले ओलीले चिनियाँ राष्ट्रपति सीसँग राखेको अडानको प्रशंसा गरेका छन् ।

चीनका लागि पूर्व नेपाली राजदूत टंक कार्कीले प्रधानमन्त्री ओलीले सीसँग राखेको अडान राष्ट्रको अपेक्षाअनुसार रहेको टिप्पणी गरेका छन् ।

'लिपुलेक नाका भएर सीमा व्यापार गर्न भारत-चीनबीच समझदारी भएको उक्त क्षेत्र नेपालको सार्वभौमिक क्षेत्राधिकार भएको र त्यसलाई सुधार्न सहयोगको आग्रह गरेका छन्, राष्ट्रको अपेक्षा पनि यही थियो,' पूर्वराजदूत कार्कीले भने, 'आफ्नो राष्ट्रको भौगोलिक अखण्डताको रक्षाका निम्ति हिम्मतका साथ खडा हुन सक्नुपर्दछ । आफ्नो राष्ट्रको मुलभूत स्वार्थ्यको प्रतिरक्षा अन्तर्राष्ट्रिय मामिलामा नेतृत्वको कसी पनि हो ।'

पूर्वराजदूत कार्की भारतले पनि सीमा समस्या छन् भनेर स्वीकारिसकेको अवस्थामा सन् १९९६ पछि बनेका संयन्त्रलाई क्रियाशील बनाएर समस्या समाधान गर्नुपर्ने बताउँछन् ।

'तत्कालीन भारतीय प्रधानमन्त्री स्व. मनमोहन सिंह र नेपालका प्रधानमन्त्री स्व. गिरिजाप्रसाद कोइरालाबीच कालापानी, सुस्तालगायतका क्षेत्रमा रहेका सीमा समस्या समाधान गर्ने कुरा भएको थियो,' कार्कीले भने, 'दुवै देशले आफ्ना दशी प्रमाण पेश गरेर कूटनीतिक तबरले सीमा समस्याको हल गर्नुपर्छ । हाम्रा प्रमाण बलिया छन् ।'

नेपाल र भारतबीच हुने सहमतिलाई चीनले स्वीकार गर्ने कार्कीको विश्वास छ ।

नेपाली कांग्रेसको प्रचार विभागका प्रमुख मीन विश्वकर्मा प्रधानमन्त्री ओलीले नेपाली भूमि सम्बन्धमा भारत-चीनबीच भएको सहमतिबारे सीसँग सरोकार राख्नु सकारात्मक भएको बताए ।

'चीन र भारतबीच सहमति गर्दा नेपाललाई पनि सहभागी गराउनुपर्छ भन्ने कुरा प्रधानमन्त्रीज्यूले बोध गराउनु भएको छ । यसका लागि धन्यवाद भन्नुपर्छ' विश्वकर्माले भने, 'सो समस्या समाधानका लागि भविष्यमा पनि कूटनीतिक एक्सरसाइज बढाउनु पर्छ ।'

भारत र चीनले लिपुलेकमा व्यापारिक नाका खोल्ने सहमति गरेपछि तत्कालीन प्रधानमन्त्री स्व. सुशील कोइरालाको पालामा २०७२ सालमा दुवै देशलाई कूटनीतिक नोट पठाएर विरोध गरिएको स्मरण गरे ।

अर्का एक पूर्वराजदूतले ओलीसँग राजनीतिक लाइन नमिले पनि उनले चीनमा उठाएको विषय असामान्य रहेको बताए ।

'घरेलु राजनीतिको बारेमा मेरो असहमति रहे पनि देशको सीमाका बारे प्रधानमन्त्रीले छिमेकी देशका राष्ट्रपतिसँग प्रस्ट ढंगले कुरा राख्नु देशका लागि गौरवको विषय हो,' ती पूर्वराजदूतले भने ।

प्रधानमन्त्री ओलीको आसन्न भारत भ्रमणका बेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि सीसँग जस्तै कुरा राख्नुपर्ने उनले सुझाए ।

औपचारिक मिति घोषणा नभएपनि भदौको ३१ देखि असोज १ गतेसम्म भ्रमणका लागि भारतले प्रधानमन्त्री ओलीलाई निमन्त्रणा पत्र पठाइसकेको छ ।

प्रतिनिधि सभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति राजकिशोर यादवले नेपाली भूमि लिपुलेक भएर सीमा व्यापार सुचारू गर्ने भारत-चीन सहमतिबारे समितिले छलफल गर्ने योजना बनाएको बताए ।

'हाम्रो भूमिमा जुन सहमति गरियो, त्यसबारे प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपतिसँग असन्तुष्टि राखेको कुरा मिडियाबाट थाहा पायौं,' यादवले भने, 'आज समितिको सचिवालयमा पनि छलफल भएको छ । प्रधानमन्त्रीज्यू फिर्ता भएपछि परराष्ट्र मन्त्रालयलाई बोलाएर समस्या समाधानबारे छलफल गर्छौं ।' *साभार : लोकान्तरडटकम*

# विपद् व्यवस्थापन योजना तर्जुमा

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, भाद्र १५ गते ।**

महोत्तरीको सम्सी गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको छ ।



आईतवार वर्ल्ड भिजन इन्टर नेसनल नेपालको सहयोग एवं एकीकृत ग्रामिण विकास समाज, महोत्तरीको सहजीकरणमा सम्सी गापाको योजना छलफल एवं हस्तान्तरण एक कार्यक्रमको आयोजना गरी सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्सी गाउँपालिका अध्यक्ष रामनाथ यादवले गाउँपालिकाको विपद् जोखिम न्युनिकरणका लागि योजना सहयोगी बन्ने विश्वास ब्यक्त गरे ।

उनले भने, “बढ्दो जलवायु परिवर्तनलाई समेत दृष्टिगत गरी तयार गरिएको योजनाले गाउँपालिकाको विकासमा थप मद्दत गर्नेछ ।” अध्यक्ष यादवले भने, “अहिलेको समयमा विकास निर्माणदेखि लिएर सबै प्रकारका कामहरु जलवायुमैत्री तवरबाट गरिनु आवश्यक छ, जसले दिगो विकासमा सहयोग पुग्छ ।”

कार्यक्रममा योजनाको सारसंक्षेप प्रस्तुत गर्दै विज्ञ सहजकर्ता निर्मल चोङबाङले गाउँपालिकाको सबै वामा संकटासन्न तथा क्षमता विश्लेषण गरी सहभागितामूलक ढंगबाट योजना तर्जुमा गरिएको बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष अनिता कुमारी, प्रमुख प्रशासकीय अधिकृत मनोज कुमार साह, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु लगायतको सहभागिहरुले योजनामा नसमेटिएका थप विषयहरु माथि सुझाव समेत दिएको थियो ।

संस्थाका कोषाध्यक्ष उमेश न्यौपानेका अनुसार छलफल पश्चात आएका सुझावहरु समेटेर योजनालाई अन्तिम रुप दिई सम्सी गाउँपालिकालाई हस्तान्तरण गरिने जनाएको छ ।

## सोह्र अधिकृतलाई जिम्मेवारीबाट...

थापाले जानकारी दिए ।

यसैगरी पश्चिम नवलपरासी जिल्लास्थित बोर्डर आउट पोष्ट भुजहवाका सशस्त्र प्रहरी निरीक्षक रूपक नापीत र कैलाली जिल्लास्थित प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुका सशस्त्र प्रहरी नायव उपरीक्षक नविन चन्द, बोर्डर आउट पोष्ट कुसुमघाटका सशस्त्र प्रहरी निरीक्षक रामशरण विष्ट, बिओपी फुलबारीका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्रबहादुर चन्द, बिओपी लल्लिपुरका सशस्त्र प्रहरी नायव निरीक्षक मोहनराम महर र कञ्चनपुर जिल्लास्थित बोर्डर आउट पोष्ट डोकेबजारका सशस्त्र प्रहरी निरीक्षक सूर्यप्रकाश पन्तसमेतलाई जिम्मेवारीबाट हटाइएको उनले जानकारी दिए ।

सीमा ईलाकामा कार्यरत कमाण्डरमाथि मुख्यालयबाट समेत सुक्ष्म रूपमा निगरानी बढाइएको छ । सन्तोषजनक काम नगर्ने गणपतिसहितका दर्जनौं अधिकृत यसअघि पनि समय नपुग्दै जिम्मेवारीबाट हटाइएका र कारबाहीमा परेका छन् ।

मुख्यालयले अन्य प्रदेशमा समेत सुक्ष्मरूपमा निगरानी बढाएको छ । गण, गुल्म तथा बिओपि कमान्डमा रहेका केही अधिकृतमाथि पनि निगरानी बढाइएको सशस्त्र प्रहरीले जनाएको छ । रासस

## राति विपी राजमार्गमा...

यस्तै काठमाडौँबाट जाने सवारीसाधनलाई काभ्रेभञ्ज्याङ र काठमाडौँतर्फ आउनेलाई सिन्धुलीको सिमाना नेपालथोकमै रोकिने छ ।

गत साल असोजको बाढीपहिरोले विपी राजमार्ग अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको वर्षेखोलासम्मको आठ किलोमिटर सडकखण्डमा सडक नै बगाएका कारण खोलामा कतै एकतर्फ, कतै दुईतर्फी यातायात सञ्चालन हुनेगरी अस्थायी सडक संचालनमा ल्याइएको छ ।

गत वर्षको बाढीपहिरोले राजमार्गको कुल १६० किलो मिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किमी र चौथोखण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किमी गरी ८४ किमी सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको थियो ।

कार्यालयले बाढीपहिरोले क्षतिग्रस्त विपी राजमार्ग स्थायी निर्माणका लागि चार खण्डमा ठेक्का प्रक्रिया अघि बढाएको बताइएको छ । रासस

## मखान खेती : सांस्कृतिक पहिचान...

व्यापारिक क्षेत्रहरूमा पुग्ने प्रयास गर्दछन् । मिथिला क्षेत्रको संस्कृतिमा मखानको गहिरो सम्बन्ध रहेकाले स्थानीय बजारमै यो खपत हुन्छ ।

पण्डित डा.गोविन्द चौधरीका अनुसार मिथिलामा पान मखान र माछाको धेरै महत्त्व छ । ‘पूजामा मखान नभए प्रसादलाई अधुरो मानिन्छ,’ उनले भने, ‘मखानविना श्राद्ध पनि अधुरो हुन्छ ।’

पान मखान दुर्लभ रहेको उनको भनाइ छ । यसरी मखानको सांस्कृतिक महत्त्वले यसको व्यापारलाई थप प्रोत्साहन दिएको उनले बताए ।

किसान सरोज सहनीले भने, ‘मखानको थोक बजारमा मूल्य १४०० रूपैयाँसम्म पुग्छ, काचो मखानलाई ३५० रुपैयाँको दरले किनेर त्यसलाई भुटेर मखान तयार बनाइन्छ । ३ किलो काचो मखानबाट १ किलो मखानको फूल तयार हुन्छ ।’

मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलले मखान खेती मटिहानीको ऐतिहासिक विशेषता भएको बताए । मखान खेती प्रवर्द्धनका लागि आफूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई मखान उपहारसमेत प्रदान गर्दै यसको व्यावसायिक उत्पादन र बजार विस्तारमा सहयोग पुऱ्याउन आग्रह गरेको उनले जानकारी दिए ।

प्रदेशका मुख्यमन्त्रीलाई पनि मखान खेती प्रवर्द्धन गर्न अनुरोध गरेको नगरप्रमुख मण्डलले बताए ।

उनका अनुसार मखान खेतीलाई प्रोत्साहन गर्न किसानलाई ब्याण्डिङ मेसिन, बोरा (थैला), भुट्ने सामग्री, तालिम तथा अनुदानको व्यवस्था नगरपालिकाले गरेको छ ।

विशेष गरी मखान खेती गर्दै आएका मटिहानी नगरपालिका-७ पूवार्री टोलका सहनी र मुस्लिम समुदायका किसानलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन भइरहेको उनले उल्लेख गरे ।

सोही वडामा व्यक्तिगत रूपमा मखान खेती गर्दै आएका किसान संजय सहनीले गुठीबाट वार्षिक ९ लाख रुपैयाँ भाडा तिरेर ६ बिघा जग्गामा खेती गरिरहेका छन् । घाटा भए पनि गुठीले रकममा कुनै छुट नदिएको उनको गुनासो छ । निजी व्यक्तिबाट भाडामा लिएको थप ८ बिघा पोखरी आफूलाई आम्दानीको अतिरिक्त स्रोत बनेको उनको भनाइ छ ।

पूर्वारी टोलकी ५० वर्षीया लक्षा खातुन किसानहरूले उत्पादन गरेका काँचो मखान सङ्कलन गरी भुटेर तयार पार्ने काम गर्दै आएकी छन् । उनका अनुसार भदौ, असोज र कात्तिक गरी तीन महिनासम्म यो काम हुने गर्छ, जसमा उनको सम्पूर्ण परिवारले सहयोग गर्ने गर्दछ ।

खातुनका अनुसार मखान भुटाइबाट वार्षिक करिब तीन लाख रुपैयाँ आम्दानी हुने गरे पनि तीन महिनामात्र सीमित हुने भएकाले यसले परिवारको वर्षभरिको खर्च धान्न पुग्दैन ।

त्यसैले बाँकी समयमा आम्दानीका लागि अन्य काम गर्ने गरेको उनले बताइन् ।

मखान खेतीले स्थानीय समुदायमा एकता र सहकार्यको भावना पनि बढाएको छ । ठुला पोखरीमा सामूहिकता र आपसमा सहकार्यका साथ खेती गर्नुपर्ने भएकाले यसले एकता र सहकार्यलाई बढावा दिने स्थानीय बताउँछन् ।

सामाजिक अभियन्ता डा. सरोज ठाकुरले मखान खेतीको भविष्य महोत्तरी जिल्लामा उज्ज्वल रहेको बताए । उनले भने, ‘यसको बजार विस्तार हुँदै गएको छ र यसको उत्पादनमा बढोत्तरीको सम्भावना छ ।’

स्थानीय कृषकहरूलाई तालिम र स्रोत उपलब्ध गराउने कार्यक्रम स्थानीय तहबाट भइरहेका कारण, मखान खेतीले किसानको आर्थिक अवस्था सुधार गर्ने देखिन्छ ।


# झाडापखाला, हैजा र डेंगीबाट बचौं

**अविरल परिरहेको वर्षाले झाडापखाला, हैजा र डेंगीको खतरा बढेको छ । तसर्थ, झाडापखाला र हैजाबाट बच्न:**

- सधैं पानी उमालेर वा क्लोरिन झोल प्रयोग गरेर मात्र पिऔं
- व्यक्तिगत सरसफाई (विशेष गरी हातको सरसफाई) मा ध्यान दिऔं
- बासी सडेगलेका खानेकुरा नखाऔं
- खानालाई छोपेर राखौं
- काँचै खान मिल्ने फलफूल र तरकारीको सरसफाईलाई विशेष ध्यान पुर्‍याऔं



**सधैं खुल्ला रूपमा दिसापिसाब नगरौं, चर्पीको अनिवार्य प्रयोग गरौं र दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचि मिचि हात धोऔं ।**

**साथै एडीस जातका लामखुट्टेको (कालो-सेतो छिर्केमिर्के देखिने) टोकाईबाट सर्ने डेंगी रोगबाट बच्न:**

- आफ्नो घर वरपर तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएकोले हुँदा पानी जम्न नदिऔं
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हालौं
- सुत्ने बेला सुत्दा झुलको प्रयोग गरौं
- पूरै शरिर ढाक्ने लुगा लगाऔं र सचेत रहौं ।



**सम्सी गाउँपालिका**
सम्सी, महोत्तरी



# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाईको लागि सार्वजनिक सूचना

*प्रकाशित मिति २०८२/०५/१६*

धनुषा जिल्लाको मिथिला नगरपालिका वडा नं ९ मा १०० बेड क्षमताको कोमल हेरिटेज होटल संचालानार्थ श्री कोमल हेरिटेज प्रा.लि. प्रस्तावक रहेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयारीको क्रममा गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रममा निम्न मिति, स्थान र समयमा उपस्थित भई आफ्ना राय, सल्लाह, सुझाव दिनुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **प्रस्तावक** | कोमल हेरिटेज प्रा.लि. |
| **सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने** | |
| **स्थान** | होटल परिसर (मिथिला न.पा. वडा नं. ९) |
| **मिति** | २०८२/०५/२० |
| **समय** | बिहान ९:०० बजे |
| **सम्पर्क व्यक्ति र सम्पर्क नं** | प्रमोद कुमार शाह, ९८५११४२५८५ |



“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

# खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

**डाक्टर भेटने समय :** प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

मखान खेती :

# सांस्कृतिक पहिचान जगेर्ना गर्दै आर्थिक समृद्धितिर लम्काउँदै

**नवीन प्रियदर्शी**
**जनकपुरधाम, भाद्र १५ गते ।**
मिथिलामा मखानको धेरै महत्व छ। मिथिला संस्कृतिमा जन्मदेखि मृत्युसम्म मखानको प्रयोग हुन्छ। परिणामस्वरुप मखानको माग बढ्दो छ भने नेपालमा यसको व्यावसायिक खेती निकै कम हुँदा भारतबाट आयात गरेर माग धान्नुपर्ने अवस्था छ ।



मिथिलामा मखानको बढ्दो मागका कारण पछिल्लो समय महोत्तरी जिल्लाको मठिहानीमा यसको व्यावसायिक खेती हुँदै आएको छ । मखान खेती महोत्तरी जिल्लाको विशेष र पहिचानयोग्य कृषि गतिविधि हो ।

महोत्तरीको मटिहानी नगरपालिका र अन्य स्थानहरूमा मखान खेती हुने गरेको छ । यसको व्यावसायिक खेतीले कृषकहरूको जीवनस्तरमा समेत ठुलो परिवर्तन ल्याएको छ ।

मखान खेतीका लागि महोत्तरी निकै चर्चित छ । यस क्षेत्रका सहनी, मलाह समुदायका मानिस मखान खेतीमा संलग्न छन् । यो परम्परागत खेती प्रायः स्थानीय नदी, तलाउ र पोखरीहरूमा गरिन्छ, जहाँ मखानको फूल र बिउ उत्पादन हुने गर्छ। मखान एउटा जलजन्य खेती हो, जसलाई अन्नको रूपमा प्रयोग गर्न सकिन्छ । यसको खेती विशेष प्रकारका पानीका स्रोतमा गरिन्छ र यसका लागि विशेष मौसम र हावापानी आवश्यक हुन्छ । महोत्तरीका कतिपय किसानले पुस्तौंदेखिको परम्परालाई निरन्तरता दिँदै मखान खेती गर्दै आएका छन् ।

महोत्तरीका विभिन्न पालिकामा मखान खेती हुँदै आएको छ । खासगरी बलबा नगरपालिका, भंगहा नगरपालिका, लोहारपट्टी नगरपालिका, मटिहानी नगरपालिका र जलेश्वर नगरपालिकामा यसको खेती बढी हुने गर्छ । यहाँका किसानले मखान खेतीलाई मुख्य पेसाका रूपमा अँगालेका छन् र यसलाई आर्थिक समृद्धिको स्रोत बनाएका छन् ।

मखान खेती गर्दै आएका किसान दिनेश सहनीका अनुसार मखान उत्पादनमा धेरै लगानी आवश्यक पर्दैन । यद्यपि मेहनत र समय भने निकै लाग्ने उनको भनाइ छ । किसानहरूले चैत महिनामा मखानको बिउ रोप्छन् भने भदौदेखि कार्तिकसम्म छानेर सङ्कलन गर्छन् । बाँकी ६ महिनामा भने त्यही पोखरीमा माछा पालन गर्ने भएकाले वर्षभर नै जलमार्फत आम्दानी हुने गरेको छ । यही कारण हाल मखान खेतीप्रति किसानहरूको आकर्षण दिन प्रतिदिन बढ्दो छ ।

'मिथिला मखाना' नामक संस्थाले महोत्तरीको भंगहा नगरपालिकामा हाल ६० बिघा क्षेत्रफलमा मखान खेती गरिरहेको छ । संस्थाका सञ्चालक महेश सहनीका अनुसार २०७२ सालदेखि खेती सुरु गरिएको हो । प्रारम्भमा १० बिघामा सुरु गरिएको खेती अहिले विस्तार भएर ६० बिघा क्षेत्रफलमा पुगेको छ ।

सहनीका अनुसार हालसम्म करिब ८० लाख रुपैयाँ लगानी भइसकेको छ भने वार्षिक रूपमा राम्रो आम्दानी भइरहेको छ । यस पेसाप्रति आफू निकै सन्तुष्ट रहेको उनले बताए । सहनीले थपे, 'यो पेसा पुस्तौंदेखि हुँदै आएको हो, त्यसैले यो खेती गर्न मलाई निकै सहज लाग्छ ।'

उनले पछिल्लो वर्ष ८० टन उत्पादन भएको जानकारी दिए । यस वर्ष १२० टन उत्पादन हुने उनको अनुमान छ । व्यापारीसँग १ हजार ३ सयदेखि १ हजार ४ सय रुपैयाँ प्रतिकिलोमा किसानले बेच्ने गरे पनि बजारमा पुग्दा दुई हजार रुपैयाँ प्रतिकिलोमा बिक्री हुने गरेको उनको भनाइ छ ।

मखानको उत्पादनपछि कृषकहरू त्यसलाई थोकमा बेच्न स्थानीय बजार र

*- बाँकी पृष्ठ ३ मा*

# 'चुरे विनासका कारण मधेस मरुभूमि बन्दै'

**राजविराज, भदौ १५ गते ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दैनिक रूपमा चुरे र यहाँको वन विनाशका कारण मधेस मरुभूमि भइरहेको बताएको छ ।

जसपा राजविराज नगर समितिका नवनिर्वाचित पदाधिकारी तथा कार्यसमित सदस्यको शपथग्रहण तथा पदस्थापन कार्यक्रममा आईतवार राजविराजमा उलने जलस्रोतको धनी देश नेपालमा पानीको अभाव हुनु दुर्भाग्यपूर्ण रहेको बताए ।

चुरे विनाशका कारण हाल मधेसमा जलसङ्कट देखिएको बताउँदै अध्यक्ष यादवले सुकुम्वासी व्यवस्थापनका नाममा भूमि विधेयक ल्याएर सरकारले मधेसलाई थप समस्यामा पार्न खोजेको आरोप लगाए । चुरे विनाशका कारण मधेसमा भूमिगत पानीको सतह समाप्त हुँदै गएको, भूमि विधेयकले थप विनाश बढाउने र मधेस मरुभूमिमा परिणत हुने उनको जिकिर थियो ।

अन्तरराष्ट्रिय संस्थाहरूले धेरै पहिले नै चुरे संरक्षण नगरे पानीको सङ्कट आउने भनी सचेत गराएको स्मरण गर्दै अध्यक्ष यादवले त्यसमा सचेत नहुँदा हाल जमिन सुक्खा भएर सङ्कट उत्पन्न भएको धारणा व्यक्त गरे । रासस

# सोह्र अधिकृतलाई जिम्मेवारीबाट हटाइयो

**काठमाडौं, भदौ १५ गते ।**
सशस्त्र प्रहरी बल, नेपालका एकाइमा कमाण्डरको रूपमा खटाइएका सशस्त्र प्रहरी अधिकृतको राजश्व सङ्कलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि एकै पटक १६ अधिकृतलाई जिम्मेवारीबाट हटाइएको छ ।

एक सशस्त्र प्रहरी उपरीक्षक, एक सशस्त्र प्रहरी नायव उपरीक्षक, सात सशस्त्र प्रहरी निरीक्षक, ५ सशस्त्र प्रहरी नायव निरीक्षक, एक सहायक निरीक्षकसहितलाई कमान्डको जिम्मेवारीबाट हटाइएको सशस्त्र प्रहरी बलका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।

उनका अनुसार सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतलाई कमाण्डरबाट फिर्ता गरेर सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीलाई पठाइएको छ ।

यसैगरी बारा जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट कबहीगोठका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढा, बिओपी भिटकैया बाराका सशस्त्र प्रहरी नायव निरीक्षक केदारबहादुर परियार, फरवार्ड सुरक्षा वेश बलिरामपुरका सशस्त्र प्रहरी नायव निरीक्षक हरीप्रसाद लम्साल, फरवार्ड सुरक्षा वेश छतवा बाराका सशस्त्र प्रहरी नायव निरीक्षक गणेश गिरी र भरखोर पोष्ट बाराका सशस्त्र प्रहरी सहायक निरीक्षक शिव शंकरप्रसाद चौधरीलाई जिम्मेवारीबाट हटाइएको हो ।

यस्तै पर्सा जिल्लास्थित बोर्डर आउट पोष्ट प्रसौनी भाट्टाका सशस्त्र प्रहरी निरीक्षक सञ्जीव बानियाँ क्षेत्री, बिओपी दक्षिण भिटकैयाका सशस्त्र प्रहरी निरीक्षक नरेशसुवाल बाटा, सुरक्षा वेश बहुअर्वाभाठाका सशस्त्र प्रहरी नायव निरीक्षक भिमबहादुर क्षेत्री र फरवार्ड सुरक्षा बेश जयमङ्गलापुरका सशस्त्र प्रहरी नायव निरीक्षक भक्कुप्रसाद ओलीलाई पनि जिम्मेवारीबाट हटाइएको प्रहरी नायव उपरीक्षक

*- बाँकी पृष्ठ ३ मा*

# राति विपी राजमार्गमा सवारीसाधन गुडाउन रोक

**काभ्रेपलाञ्चोक, भदौ १५ गते ।**
विपी राजमार्गमा यही भदौ १६ गतेदेखि थप १५ दिन सवारीसाधन गुडाउन रोक लगाइएको छ ।

जोखिमका कारण गत असार ७ गतेदेखि राति सवारीसाधन संचालनमा रोक लगाइँदै आएकामा भदौ मसान्तसम्म राति १२ घण्टा सो कार्यमा रोक लगाइएको हो ।

जिल्ला सुरक्षा समितिको आईतवार सम्पन्न बैठकले उक्त राजमार्गमा प्रत्येक दिन साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म यात्रुवाहक तथा निजी सवारीसाधन संचालनमा रोक लगाउने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले जानकारी दिए ।



कार्यालयले सो राजमार्गअन्तर्गत जिल्लाको काभ्रेभञ्ज्याङदेखि सिन्धुली-सीमा नेपालथोकसम्म थप १५ दिन रोक लगाउने निर्णय गरेको हो ।

कार्यालयले उक्त निर्णय गर्दै सूचनामार्फत मनसुन सक्रिय रहेको अवस्थामा विपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटना हुनसक्ने भएकाले जोखिम न्यूनीकरणका लागि राजमार्गको उल्लिखित क्षेत्रमा सवारी संचालनमा रोक लगाइएकाले सतर्कता अपनाउन सार्वजनिक अपिलसमेत गरेको छ ।

काभ्रेभञ्ज्याङदेखि सिन्धुलीको खुर्कोट खण्डका विभिन्न स्थानमा जोखिम भएकाले यातायात संचालनमा रोक लगाइएको हो ।

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री